# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

डेपुटी गभर्नर श्री गोपालप्रसाद काफ्ले कोरिया अन्तराष्ट्रिय सहयोग संस्था (KOICA) ले रिपब्लिक अफ कोरियाको सिउलमा आयोजना गरेको उच्च स्तरीय "National Economic Development Strategy for Nepal" विषयक कार्यक्रममा भाग लिई माघ २३ गते स्वदेश फर्कनुभयो । उक्त भ्रमणमा महालेखा नियन्त्रक, अर्थ मन्त्रालयका सहसचिब लगायत नेपाल सरकारका विभिन्न निकायका उच्च अधिकारी तथा त्रिभुवन विश्व विद्यालयका प्राध्यापकहरू समेत सहभागी हुनुहुन्थ्यो । उहाँहरूलाई कोरियाली विकास संस्था (KDI) ले कोरियाको ऐतिहासिक पृष्ठभूमि, विकास र सोमा कोरियाली जनताले गरेको योगदानका बारेमा विस्तृत प्रकाश पारेको थियो । भ्रमणमा कोरियास्थित KIA Motor Company, POSCO Iran and Steel Company लगायतका विश्वप्रसिद्ध उद्योग तथा कोरियाली केन्द्रीय बैंक 'बैंक अफ कोरिया' लाई समेत समेटिएको थियो ।

कार्यक्रममा खास गरी दक्षिण कोरियाको औद्योगिक विकास, निर्यातको स्थिति, कृषि तथा ग्रामीण पूर्वाधार, वित्तीय क्षेत्रको स्थिति, मानव संशाधन विकास, निर्माणजन्य क्षेत्रहरूमा कोरियाले गरेको विकासलाई पाठका रूपमा लिई नेपालमा सो अनुभवलाई कसरी अवलम्बन गर्न सकिन्छ भन्ने विषयमा विस्तृत छलफल भएको थियो । साथै, भगवान् गौतमबुद्धको जन्मस्थल लुम्बिनीको विकास लगायत नेपालको पर्यटन, अनुसन्धान र विकास, ऊर्जा, वित्तीय क्षेत्र, लगानी र पूर्वाधारका क्षेत्रमा कोरियाले पुऱ्याउन सक्ने सहयोगका सम्बन्धमा पनि छलफल भएको थियो ।

उक्त भ्रमणबाट दक्षिण कोरियाली जनताले गरेको कठोर परिश्रम, त्याग र अनुशासनलाई अनुसरण गर्न सकेमा विकासका क्षेत्रमा नेपालले सजिलै फड्को मार्न सक्ने सहभागीहरूको अनुभव थियो । कोरियाली सरकार, व्यवसायी एवम् कोरियाली जनताको नेपालप्रति सकारात्मक सद्भाव रहेको र उनीहरू नेपालको विकासमा साझेदार बन्न इच्छुक रहेको अनुभव पनि टोलीले गरेको थियो ।

यसै गरी डेपुटी गभर्नर काफ्लेले बैंक अफ कोरियाका डेपुटी गभर्नर लगायत उच्च पदाधिकारीसँग छुट्टै भेट गर्नुभएको थियो । भेटका अवसरमा दक्षिण कोरियामा रहेका नेपाली कामदारहरूले औपचारिक माध्यमबाट विप्रेषण पठाउने, दुई देशका वित्तीय संस्थाहरूबीचको समन्वय अभिवृद्धि गर्ने लगायत त्यहाँस्थित नेपालीहरूलाई वैदेशिक रोजगार वचतपत्र उपलब्ध गराउन नेपाल राष्ट्र बैंकले गरेको प्रयास, विप्रेषणको सदुपयोगिता र त्यसको उत्पादनशील क्षेत्रमा लगानी अभिवृद्धि गराउने सम्बन्धमा समेत छलफल भएको थियो ।

२०६८ माघ २५ गते बुधबार

गभर्नरको कार्यालय